स्थानीय राजपत्र
मध्यपुर थिमि नगरपालिकाबाट प्रकाशित
बर्ष ८ मध्यपुर थिमि भक्तपुर फागुण १३ ,२०८१
भाग २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगरकार्यपालिकाले जारी गरेको मापदण्ड सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**संवत् २०८१ सालको मापदण्ड नं.**

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/११/१३**

# संस्कृति संरक्षण एव संवर्द्धनका लागि सीप तथा प्रविधि हस्तान्तरण सम्बन्धी मापदण्ड, २०८१

**प्रस्तावनाः**

संघ, प्रदेश तथा यस नगरपालिकाबाट विनियोजन भएको बजेटलाई संस्कृति संरक्षण तथा संवर्द्धनका लागि यस न.पा क्षेत्र भित्रका विभिन्न साँस्कृतिक समूहलाई विभिन्न किसिमका बाजा लगायत अन्य सीप सिकाई तथा भौतिक सामग्री सहित प्रविधि हस्तान्तरणलाई समय सापेक्ष, प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउन वाञ्छनीय भएकोले, मध्यपुर थिमि नगरपालिकाले यो मापदण्ड बनाई लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "संस्कृति संरक्षण एव संवर्द्धनका लागि सीप तथा प्रविधि हस्तान्तरण सम्बन्धी मापदण्ड, २०८१" रहेको छ

(२) यो मापदण्ड नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२ . परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क)"नगरपालिका "भन्नाले मध्यपुर थिमि नगरपालिकालाई सम्झनु पर्छ ।

(ख)"मापदण्ड"भन्नाले मध्यपुर थिमि नगरपालिकाको संस्कृति संरक्षण एव संवर्द्धनका लागि सीप तथा प्रविधि हस्तान्तरण सम्बन्धी मापदण्ड, २०८१लाई सम्झनु पर्छ ।

(ग) "समुह तथा समिति" भन्नाले संस्कृति संरक्षण तथा संवर्द्धनको क्षेत्रमा काम गरिरहेका खलः, पुच, गुठी लगायत संस्कृति संरक्षणमा क्रियाशिल अन्य समूह तथा समितिलाई सम्झनु पर्छ ।

प्र.८.१
२०८१।१२।११

## परिच्छेद २
## उद्देश्य, शर्त, छनोट प्रकृया र मापदण्ड

३. उद्देश्यः यस मापदण्डको उद्देश्य देहाय बमोजिम रहेको छः

क) यस पालिका क्षेत्र भित्रका संस्कृति संरक्षण र संवर्द्धन गरी पर्यटन प्रवर्द्धन गर्नु।

ख) अमूर्त सम्पदाहरुका संरक्षण, संवर्द्धन, प्रवर्द्धनका लागि सीप विकास गर्दै आवश्यक भौतिक सामग्री, प्रविधि हस्तान्तरण गर्नु ।

ग) आवश्यक अध्ययन,अनुसन्धान एवम् अभिलेखीकरण गर्नु ।

घ) सिप विकास एव प्रविधि हस्तान्तरण कार्य लाई पारदर्शी, जवाफदेही र नतिजामूलक बनाउनका लागि आवश्यक मापदण्ड निर्धारण गर्नु ।

४. शर्तः साँस्कृतिक समूह तथा समितिले कार्यक्रम माग गर्नका लागि आवेदन दिन देहायका शर्त पुरा गरेको हुनु पर्नेछः-

क) साँस्कृतिक समूह तथा समितिका हकमा संस्कृति संरक्षण तथा प्रवर्द्धनको क्षेत्रमा कम्तिमा एक वर्ष देखि कार्यरत रहेको व्यहोरा खुल्ने सम्बन्धित वडा कार्यालयको सिफारिस अनिवार्य संलग्न गर्नु पर्नेछ ।

ख ) चालु आर्थिक वर्षमा नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तहवाट यस किसिमको कुनै पनि सुविधा प्राप्त नगरेको ।तर नगर कार्यपालिका बैठकबाट आवश्यकता र औचित्य ठहर भएमा त्यस्तो सुविधा दिन बाधा पर्ने छैन ।

५. सूचना प्रकाशन र निवेदन दर्ता सम्बन्धमाः यस मापदण्ड बमोजिम साँस्कृतिक समूहलाई प्रविधि तथा सामाग्री सहयोग गर्ने प्रयोजनका लागि सूचना प्रकाशन तथा प्रस्ताव दर्ताको प्रकृया देहाय बमोजिम हुनेछः-

क) नगरपालिकाले साँस्कृतिक समूहलाई प्रविधि तथा सामाग्री सहयोग गर्ने सम्वन्धी सूचना प्रकाशित गरी संस्कृति संरक्षणका क्षेत्रमा कार्य गरिरहेका साँस्कृतिक समूहवाट आवश्यक प्रविधि तथा सामाग्रीको विवरण सहितको प्रस्ताव माग गर्न सक्नेछ

ख) खण्ड (क) बमोजिमको सूचना यस नगरपालिकाको वेभसाईट र सूचना पाटीमा राखिनेछ ।

ग) प्रस्ताव नगरपालिकामा दर्ता गर्नु पर्नेछ ।

घ) निवेदनको ढाँचा अनुसूची-१ (क) बमोजिम हुनेछ ।

६. निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः प्रस्ताव पेश गर्न ईच्छुक साँस्कृतिक समूहहरुले प्रस्ताव साथ देहाय बमोजिमका कागजातहरु संलग्न राखी नगरपालिका समक्ष निवेदनसहित प्रस्ताव पेश गर्नु पर्नेछः-

क) समूह तथा समितिको निर्णयको प्रतिलिपी

ख) समूह तथा समिति संचालन रहेको सम्वन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिस

CamScanner

ग) समूह तथा समितिका अध्यक्ष/नायो/गुरु वा समुहले जिमेवारी तोकिएको व्यक्तिको नागरिकताको प्रतिलिपी

७. वितरणका आधार तथा विधिहरुः (१) यस मापदण्ड वमोजिम प्रविधि तथा सामग्री सहयोग गर्ने प्रयोजनको लागि साँस्कृतिक समूह छनौटका आधारहरु देहाय वमोजिम हुनेछः

क) सांस्कृतिक तथा पर्यटकीय क्षेत्रमा पुर्‍याउने योगदान र प्रभाव

ख) कार्य अनुभव

ग) माग गरेको प्रविधितथा सामग्रीको औचित्यता र उपलब्धता

घ) लोपोन्मुख वाजागाजा, नाचगान संवर्द्धन र अभिलेखीकरणलाई प्राथमिकता दिईनेछ

(२) उपदफा १ वाहेकका छनौटका थप आधार तथा विधि सम्बन्धी कार्यविधि नगरपालिकाले निर्धारण गर्न सक्नेछ


(३) उपदफा १ वमोजिमको नगर कार्यपालिकावाट मूल्याङ्कन गरिछनौट भएका प्रस्तावहरुलाई पेश भएका कागजातहरु, वडा कार्यालयको सिफारिस समेतका आधारमा वजेटको परिधिभित्र रही सहयोग प्रदान गर्नेछ।

## परिच्छेद-३
## विविध

८. सरकारी वाँकी सरह असुलउपर गरिनेः यदि कसैले नक्कली लाभग्राहीको रुपमा सेवा सुविधा लिएको, नगरपालिकावाट प्रदान गरिएको सामग्री विक्री वितरण गरेको वा अन्य कुनै प्रयोजनको लागि प्रयोग गरेको प्रमाणित भएमा उक्त सामग्री वरावरको रकम सरकारी वाँकी सरह असुलउपर गरिनेछ ।

९. वाधा अड्काउ तथा फुकाउः यो मापदण्ड कार्यान्वयनमा कुनै वाधा अड्काउ देखापर्न गएमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरी वाधा अड्काउ फुकाउनेछ ।

१०. प्रचलित कानून बमोजिम हुनेः यो मापदण्डमा लेखिएका कुराहरुमा यसै वमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।



अनुसूची- १ (क)

(दफा (५) को खण्ड (घ) सँग सम्बन्धित)

मितिः

श्री मध्यपुर थिमि नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

मध्यपुर थिमि, भक्तपुर।

विषयः कार्यक्रम प्रस्ताव पेश गरेको बारे ।

महोदय,

प्रस्तुत विषयमा तहाँ नगरपालिकाबाट प्रकाशित सूचना बमोजिम यस साँस्कृतिक समूहलाई सास्कृतिक कार्यकम सञ्चालनका लागि देहाय बमोजिमका प्रविधि र सामाग्रीहरु सहयोग गरिदिनु देहाय बमोजिमका कागजात सहित प्रस्तावपेशगर्दछु ।

देहाय

१) प्रस्ताव (प्रस्तावको ढाँचा)

भाग १ संस्थागत विवरण :

(क) नाम :

(ख) ठेगाना :

इमेल :

टेलिफोन

(ग) दर्ता भएको भए दर्ता स्थान, मिति र दर्ता नं.:

(घ) नविकरण मिति :

(ङ) सम्पर्क व्यक्तिको नाम:

इमेल :

पद :

टेलिफोन :

(ग) माग गरिएको प्रविधि,सामग्रीहरुको विवरण र स्पेशिफिकेसन, संख्या र औचित्यता :

| सि.न. | प्रविधि वा सामग्रीको विवरण | संख्या | स्पेशिफिकेसन | औचित्यता |
|---|---|---|---|---|

२०८१।१२।११

(घ) अन्य साझेदार भए साझेदारको नाम र ठेगाना :

(ङ) सहयोगबाट अपेक्षित उपलब्धि :

(च) संस्थाको व्यवस्थापकीय पक्ष

वार्षिक हुने कार्यक्रम तथा संख्या........

जनशक्ति प्रयोगको अवस्था.....

सांस्कृतिक पक्षको जगेर्ना..

दर्शकको संख्या...

(छ) जातीगत विशिष्टता

प्रस्तावकको तर्फबाट हस्ताक्षर गर्ने व्यक्तिको नाम,पद तथा छाप

संलग्न कागजातहरु

क) समूह तथा समितिको निर्णयको प्रतिलिपी

ख) समूह तथा समिति संचालन रहेको सम्वन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिस

ग) समूह तथा समितिका अध्यक्ष/ नायो/ गुरु वा समुहले जिम्मेवारी तोकिएको व्यक्तिको नागरिकताको प्रतिलिपी

३) माथि लेखिएका विवरण ठिक साँचो हो,चालु आ.व. मा यस संस्था / समुह / समितिले यस्तै प्रकृतिका सामग्रीहरु अन्य निकायबाट सहयोग लिएको छैन । फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला ।

संस्था/समुहको छाप

निवदेकको

नाम, थर

पद

ठेगाना

सम्पर्क न

प्रमाणीकरण मिति २०८१।१२।११

२०८१।१२।११

आज्ञाले

राम बहादुर के.सी

प्रमुख प्रशासकीय अधिकृत



CamScanner